म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४७ आइतबार २४ पुस २०७९ नै. सं. ११४३ पोहेलाथ्व 8 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

घाटीमा गुच्चा अड्कीएर बालकको मृत्यु

हेटौंडा, २३ पुस/मकवानपुरको मनहरी गाउँपालिकामा गुच्चा अड्कीएर एक बालकको मृत्यु भएको छ । मनहरी गाउँपालिका वडा नम्बर ९ ज्यामिरेमा गुच्चा अड्कीएर बालकको मृत्यु भएको हो । शुक्रबार साँझ भारतको जम्भुकटुवा घर भई हाल मनहरीको ज्यामिरेमा सिलौटाको काम गरि बस्ने राम कुमार दासको छोरा ५ वर्षीय राम दासले खेल्ने क्रममा गुच्चा मुखमा अड्काएका थिए । बालकको घाटीमा गुच्चा अड्कीएपछि सास फेर्न असहज भई उपचारको लागि चितवन स्थित भरतपुर सरकारी अस्पतालमा लगिएको थियो । अस्पताल पुर्याउने बित्तिकै डाक्टरले राती ७ बजेर ४५ मिनेटको समयमा बालकलाई मृत घोषणा गरेको थियो ।

चित्लाङको बाख्रा फार्म गाई पाल्न गोठ बनाउँदै, घाँसको चिन्ता

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ तत्कालीन राणा शासकले २००१ सालमा मकवानपुरको चित्लाङमा स्थापना गरेको भेडा फार्म (हाल बाख्रा विकास फार्म)ले अब गाई पाल्ने तयारी गरेको छ ।

किसानहरुलाई बाख्रा, भेडा, खरायोको सेवा दिँदै आएको फार्मले अब गाई पाल्ने भएको हो । गुणस्तरीय भेडा, बाख्रा र खरायो उत्पादनमा नाम कमाएको थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाको सीमानामा रहेको चित्लाङ बाख्रा विकास फार्मले २०८० सालको वैशाखदेखि गाई पालन सुरु गर्न लागेको हो । जसका लागि फार्मले गाई पाल्न खोर निर्माण सुरु गरेको छ । फार्मले काठमाडौंको कामना कन्ट्रक्शनसँग सम्झौता गरेर गोठ निर्माणको काम थालेको फार्मका प्रबन्धक विशेश्वर प्रसाद यादवले जानकारी दिएका छन् ।

उनका अनुसार फार्ममा गाईका लागि एउटा गोठ निर्माण भइरहेको हो । पहिलो चरणमा साना र ठूला गरी २५ वटा गाई अट्न सक्ने क्षमताको गोठ निर्माण गरिरहेको प्रबन्धक यादवले बताए । 'सुरुमा हामीले २५ वटा गाई पाल्ने योजना बनाएका छौं । जसका लागि साना र ठूला गाई अट्ने क्षमताको गोठ बनाइरहेका हौं । भर्खरै वाल निर्माण गर्ने काम भइरहेको छ,' यादवले भने । चिसो मौसम भएकाले सोचे अनुसार कामले गति लिन नसकेको यादव बताउँछन् । 'चित्लाङमा यतिबेला धेरै नै चिसो छ । कामदारहरु चिसोमा काम गर्न

अप्ठेरो मान्दा रहेछन् । अहिले सुस्त गतिमा काम भइरहेको छ । माघपछि भने कामले तीव्रता पाउँछ,' यादवले भने ।

फार्मले गोठ निर्माणका लागि ५० लाखको टेण्डर आह्वान गरेपछि कामना कन्ट्रक्शनले करिब ३८ लाखमा ठेक्का पारेको यादवले जानकारी दिए । निर्माण कम्पनीले वैशाखमा गाई पाल्न मिल्ने गरी गोठ तयार हुने प्रतिबद्धता जनाएको उनको भनाई छ । फार्मले वैशाखबाट २५ वटा गाई पाल्न सुरु गर्ने प्रबन्धक यादवले बताए । फार्ममा सबै जर्सी गाईहरु मात्रै हुनेछन् । फार्मले किसानहरुलाई जर्सी गाईको शुद्ध नश्लको बाछाबाछी उपलब्ध गराउने उद्देश्यले गाई पालन गर्न लागिएको फार्मका प्रबन्धक यादवले बताए ।

अब किसानहरुले फार्मबाटै शुद्ध नश्लको गाई पनि पाउने भएका हुन् । किसानहरुले बढी मूल्य तिरेर बाछाबाछी खरिद गरिरहनु परेको समस्या हट्ने विश्वास लिइएको छ । गाई पालनबाट जीवीकोपार्जन गर्दै आएका किसानलाई शुद्ध नश्लको बाछाबाछी उपलब्ध गराउने फार्ममा प्रबन्धक यादवले बताए । फार्मले चालू आर्थिक वर्ष २०७९/०८० बाट गाई पाल्न बजेट नै बिनियोजन गरेको उनले बताए । चित्लाङ चिसो ठाउँ रहेकाले मौसमलाई सुहाउँदो जर्सी गाई पालन गर्न लागिएको उनले बताए । फार्मले दूध पनि उत्पादन गर्ने सोच बनाएको छ । गाईबाट उत्पादित दूधको शुद्धता पनि जाँच गरिने यादव बताउँछन् ।

यादवले दूध उत्पादनको दृष्टिकाणले एउटा होलिस्टशन जातका गाई बराबर दुई वटा जर्सी गाई पाल्न सकिने बताए । उनका अनुसार जर्सी गाईले दैनिक २० देखि २५ लिटरसम्म दूध दिनेछ । किसानलाई फार्मबाटै जर्सी गाई दिइने उनले बताए । फार्मबाट खरिद गर्दा कम मूल्य पर्ने भएपछि किसानहरुलाई पनि राहत हुने उनको भनाई छ । फार्ममा उत्पादन भन्दा तेब्बर बढीले किसानबाट बाख्राको माग आएको छ । यसकारण फार्ममा गणस्तरीय बाख्रा उत्पादन हुने विश्वास गर्न सकिन्छ । तत्कालीन समयमा भेडा पाल्न खोलिएको फार्मले पछिल्लो वर्षदेखि भेडा हटाएर बार्खा पाल्न सुरु गरेको थियो । बाख्रा पाल्न थालेपछि भने फार्मले गति लिएको यादव बताउँछन् ।

सरकारी फार्ममा शुद्ध नश्लको बाख्रा पाइने विश्वासले किसान र व्यवसायिक बाख्रा पालन गर्दै आएकाहरुले माग धेरै गर्ने गरेको उनको भनाई छ । फार्मलाई गाई पालन गर्ने योजनासँगै घाँसको पनि चिन्ता बढेको छ । फार्मलाई चरि चरण क्षेत्रमा बाह्रै महिना हरियो घाँस नहुँदा बाख्रा, भेडा पालनमै समस्या हुँदै आएको थियो । जग्गा पर्याप्त भएपनि चरिचरण क्षेत्र थोरै भएकाले वर्षको ६ महिना अर्थात बर्खे समयमा मात्रै बाख्रा र भेडाले पोषिलो घाँस खान पाउँछन् । बाँकी ६ महिना हिउँदको समयमा खडेरी लाग्ने फार्मका प्रबन्धक यादवले बताए ।

फार्ममा पालिएको भेडा र बाख्राले आवश्यक पोषिलो घाँस हिउँदको समयमा खान नपाएको उनले बताए । भेडा, बाख्राले पोषिलो घाँस खान नपाउनुको कारण फार्ममा पानीको स्रोत नहुनु हो । फार्म खुलेको ७८ वर्षपछि गतवर्ष फार्ममा डिपबोरिङबाट पानी निकालिएको थियो । वर्षायाममा चिसो कम, घाँसको पर्याप्तता र सिँचाई समस्या नभए पनि हिउँदमा भने तुषारोले भुईंघाँस मर्ने, सुख्खा भएर डाले घाँसहरुको पात झर्ने, तुषारो नपर्ने फार्मको तल्लो भेगमा पानी अभावका कारण घाँसहरु सुक्ने, चिसोबाट बाख्रा विशेषत: पाठापाठीलाई बचाउन मुस्किल पर्ने जनाइएको छ ।

फार्मले वर्षायामको घाँसलाई सुकाएर राख्ने तथा नेपियर, मकै आदि घाँसलाई साइलेज (घाँसको गुन्द्रुक) बनाएर राख्ने र हिउँदको घाँस अभाव टार्ने गर्दै आएको थियो । फार्मले सानन, सानन र खरीको क्रस तथा शुद्ध खरी गरी तीन थरीको बाख्रा उत्पादन गर्दै आइरहेको छ । फार्ममा गत आर्थिक वर्ष २०७८/०७९ मा ३ सय ५० वटा मात्रै बाख्रा उपलब्ध रहेको यादव बताउँछन् । फार्मको कुल ३ सय ५ रोपनी क्षेत्रफलमा चरिचरण क्षेत्र मात्रै १ सय ८ रोपनी छ । फार्ममा बाख्रा मात्र हैन, भेडा र मासु खाने प्रयोजनका खरायो पनि पालिएको छ । तर, भेडा र खरायोको माग बाख्राको भन्दा कम रहेको छ ।

एक सय ४९ जनाको नि:शुल्क स्वाथ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ हेटौंडा-९ स्थित मानव सेवा आश्रममा आश्रित एक सय ४९ जनाको नि:शुल्क स्वाथ्य परिक्षण गरिएको छ ।

मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालले शनिबार आयोजना गरेको एक दिने नि:शुल्क स्वाथ्य शिविरमा आश्रममा आश्रित एक सय ४९ जनाको नि:शुल्क स्वाथ्य परिक्षण गरिएको हो ।

प्रतिष्ठानका उपकुलपति प्राध्यापक डाक्टर विश्वराज जोशीको नेतृत्वमा रहेको ६ जना विभिन्न विधाका चिकित्सकहरुको समुहले बिरामीहरुको उपचार गरेका थिए ।

चिकित्सकहरुको समूहमा वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर शान्ति कुमारी जोशी, एमजीपि डाक्टर घनश्याम शाह, डाक्टर अमर मासिर, जनरल

मेडिशिनका डाक्टर श्याम कुमार शाह र डाक्टर आयुषा भण्डारी रहेका थिए ।

शिविरमा जनरल मेडिशिन, स्त्री तथा प्रसुती रोग, मृगौला रोग, छाला रोग, हाड जोर्नी रोगको उपचार गरी नि:शुल्क औषधी वितरण गरिएको प्रतिष्ठानका प्रमुख प्रशाशकीय अधिकृत अमर अधिकारीले जानकारी दिए । अधिकांश बिरामीहरुमा मानसिक र छालासम्बन्धी रोग भएको पाइएको अधिकारीले बताए ।

अस्पतालका उपकुलपति जोशीले मानव सेवा आश्रममा र हेका बिरामीहरुको लागि हेटौंडा अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था मिलाउने बताए ।

राष्ट्रिय भेट्रान्स कपको उपाधि एबीसी पोखरालाई

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ हेटौंडामा भएको राष्ट्रिय भेट्रान्स कप ८ ए साइड रनिङ शिल्ड फुटबल प्रतियोगिताको उपाधी एबीसी पोखरा भेट्रान्सले जितेको छ ।

शनिबार हेटौंडामा-५, पिप्लेक्याम्पा रंगशालामा भएको फाइनल खेलमा बानेश्वर भेट्रान्सलाई ३-० गोलअन्तरले पराजित गर्दै एबीसी पोखरा भेट्रान्सले उपाधी जितेको हो । खेलभर पोखरा पूर्णरुपमा हावी भएको थियो । एबीसी पोखरा समुह एको समुह विजेता बन्दै फाइनल प्रवेश गरेको हो भने बानेश्वर समुह बीको विजेता बन्दै फाइनलमा प्रवेश गरेको थियो । उपाधिसहित पोखराले १ लाख ११

हजार १११ रुपैयाँ र उपविजेताले ५५ हजार ५५५ रुपैयाँ प्राप्त गरे । प्रतियोगितामा पोखराका राजकुमार घिशिङ सर्वोत्कृष्ट खेलाडी घोषित भए । उत्कृष्ट खेलाडीमा पनि पोखराकै वर्चश्व रहेको थियो । पुस १९ गतेबाट सुरु भएको प्रतियोगितामा १७ वटा टोली सहभागी रहेका थिए ।

महिला जागृतिको आयआर्जनमा ७ करोड लगानी

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/हेटौंडा-१७ को शुभकामना महिला जागृति बचत तथा ऋण सहकारीले आर्य आर्जनको क्षेत्रमा ७ करोड बराबर लगानी गरेको छ ।

शनिवार भएको सहकारीको १६ औं साधारण सभामा सहकारीले ७ करोड बराबर लगानी गरेको जानकारी दिइएको हो । कोषाध्यक्ष गंगा पराजुलीले प्रस्तुत गरेको प्रतिवेदन अनुसार दिगो आर्यआर्जनको क्षेत्रमा लगानी गर्दै आएको सहकारीले आर्थिक वर्ष २०७८/०७९ मा ६ करोड ९९ लाख ९२ हजार बराबर रकम लगानी गरेको छ ।

आर्थिक वर्ष ०७७/०७८ को तुलनामा १ करोड ६१ लाख १९ हजार रुपियाँले वृद्धि भएको उल्लेख छ । सहकारीले बिभिन्न उद्देश्यले ५ सय ५८ जना सदस्यलाई ऋण लगानी गरेको बताइएको छ । सहकारीले व्यापारीक क्षेत्रमा २ करोड ८६ लाख, पशुपन्छी पालनमा १ करोड ३४ लाख, कृषिमा ३३ लाख ३ हजार, घरजग्गामा १ करोड ७४ लाख सहित शिक्षा, स्वास्थ्य, सामाजिक, घरायसीको क्षेत्रमा लगानी गरेको उल्लेख छ । ५ करोड ४९ लाख ६८ हजार कुल बचत रहेको सहकारीमा १ हजार २९७ जना शेयर सदस्य र ८१ लाख १० हजार शेयर पुंजी रहेको उल्लेख छ ।

सहककारीले शेयर सदस्यका छोराछोरी मध्य सामुदायीक

बिद्यालयबाट उत्कृष्ठ अंक ल्याई एसइइ परिक्षा उतिर्ण गर्ने अञ्जना गौतम, संबिधान गौतम र निजी बिद्यालय तर्फ दिवश सुवेदी, सलिना राउतलाई सम्मान गरेको छ भने कृषि तर्फ उत्कृष्ठ बाख्रा पालकको रुपमा सुनिता पजालाई सम्मान गरेको छ ।

त्यस्तै सहरकारीले ज्येष्ठ सदस्य सम्मान लक्ष्मी बस्ताकोटी, एकल महिला सदस्य सम्मान रेनुका पुडासैनी पराजुली, उत्कृष्ठ ऋणी सम्मान ठुलीमाया भोलन, उत्कृष्ठ नियमित बाल बचत कर्ता विनायक दर्नाल उत्कृष्ट नियमित बचच कर्ता तरमई भोलन, नियमित किशोरी बचत कर्ता रोशनी राई लाई सम्मान गरेको छ ।

सम्मान तथा पुरस्कार कार्यक्रमका प्रमुख अतिथी हेटौंडा उपमहानरपालिकाका नगर प्रमुख मिनाकुमारी लामा र हेटौंडा १७ का अध्यक्ष उद्धब सत्यालले बितरण गरेका थिए ।

सहकारीको अध्यक्ष शान्ता गौतमको अध्यक्षतामा भएको साधारण सभामा हेटौंडा १७ का अध्यक्ष उद्धब सत्याल, जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मिना चौरेल, नेप्सकुन मकवानपुर फिल्ड व्यवस्थापक राजेन्द्र पौडेल, साना किसान कृषि सहकारीका अध्यक्ष कमला श्रेष्ठ, त्रिभुवन माध्यमिक बिद्यालयका प्राधानाध्यापक दिपक पाठक लगायतकाले मन्तव्य राखेका थिए ।

३२ जनाले गरे रक्तदान

हेटौंडा, २३ पुस/ शनिबार हेटौंडामा ३२ जनाले रक्तदान गरेका छन् ।

मकवानपुर अधिकृत बिक्रेता व्यवसाय संघ बागमती प्रदेशको आयोजनामा हेटौंडाको बुद्धचोकमा भएको कार्यक्रममा ३२ जनाले रक्तदान गरेका हुन् । रक्तदान गर्ने बसैजना पुरुष रहेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिए । रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

जङ्कफुडको प्रयोगमा न्यूनीकरण गरौं

जसले क्षणिक स्वाद र सन्तुष्टि प्रदान गर्दछन् । आकर्षणका लागि विभिन्न किसिमका रङ, रसायन, टेष्टमेकर राखी बनाइएका खाद्य, पेयपदार्थहरुले स्नायु प्रणालीमा असर गर्ने हुँदा मानिसमा त्यस्ता खाद्यपदार्थलाई मानसिकरुपमा नै स्वीकार गर्ने अवस्थामा पुग्दछन् । पछिल्लो समय नेपालीहरुमा जङ्कफुडको जोखिम बढ्दो छ । एकपटक प्रयोग गरेपछि पटकपटक खाइरहन चाहन्छन् । त्यस्ता खाद्य पदार्थमा सस्तो मूल्यमा पाइने कमसल किसिमका बिस्कुट, चाउचाउ, पिज्जा, हट्डग्स, चिसो पेयपदार्थहरु, सस्ता जुसहरु, आइसक्रिम, कुल्फी, सस्ता चकलेट, चुइगम, टफी, माँडा, चटपट, पानीपुरी, तितौरा, पाउँ, दुनट, रेडिमेड चिप्स आदि पर्दछन् ।

शरीरका लागि आवश्यक पर्ने पौष्टिक तत्व भिटामिन, मिनरल, फाइबर आदि नगन्य मात्रामा हुने जङ्कफुड अस्वस्थकर, पच्न कठीन हुने चिल्लो पदार्थ, अधिक मात्रामा नुन र स्वास्थ्यमा हानि पुऱ्याउने किसिमका गुलियो पदार्थ मिश्रण गरी बनाइएको हुन्छ । पटक-पटक खाइरहँदा बानी लाग्ने किसिमका कृत्रिम स्वाद, मन्द नशायुक्त पदार्थ मिसावट गरिएका जङ्कफुडका कारण बालबालिका तथा किशोरकिशोरीमा कुपोषण बढ्दै जानुले भविष्यमा गम्भीर परिणाम निम्त्याउन सक्छ । बालबालिकालाई जङ्कफुडबाट टाढा राख्न अभिभावक तथा विद्यालयहरुले समयमै ध्यान पुऱ्याउनु आवश्यक छ । भान्सामा बनाउन पर्ने झन्झटकै कारण अभिभावकले बालबालिकालाई स्कुल खाजाको रुपमा चाउचाउ र बिष्कुटलाई अनिवार्यजस्तै बनाएका छन् । आकर्षक प्याक र स्वादमा आउने जङ्कफुडप्रति बालबालिका छिट्टै आकर्षित हुने भएपनि ती खाद्यवस्तुको गुणस्तरबारे न अभिभावकले चासो देखाएका छन्, न त सरकारी निकायको आँखा नै परेको छ । जङ्कफुडको बढ्दो प्रयोगले बालबालिकामात्रै होइन, वयस्क र वृद्धवृद्धाको स्वास्थ्यमा समेत गम्भीर खेलवाड भइरहेको छ । बढ्दो जङ्कफुडको प्रयोगले शहरी क्षेत्रका किशोरकिशोरीमा कुपोषणको समस्या बढ्दै गएको छ ।

जे मन लाग्यो त्यही खाने, पौष्टिक तत्व नभएको खाना खाने, जङ्कफुड तथा प्याकिङ्ग गरिएका खानेकुराको अधिक प्रयोगले किशोर किशोरीमा कुपोषणको समस्या देखिएको एक अध्ययनले जनाएको छ । जङ्कफुडको प्रयोग बढ्दै जाँदा गाउँघरमा पाइने नेपाली मौलिक र अर्गानिक खानेकुरा हराउँदै गएका छन् । गाउँघरका खेतबारी बाँझै राखेर आयातित खाद्यान्नमा हामी परनिर्भर हुँदै गएका छौं । गाउँमा ढिँडो र आँटो खानेको संख्या घट्दै जाँदा सुविधासम्पन्न शहरमा स्वाद फेर्नका लागि ढिँडो खोज्दै हिड्नुपर्ने अवस्था सिर्जना भएको छ । बजारमा आएका जङ्कफुडका कारण बालबालिकाले कोदो/फापरको रोटी र भुटेका मकैको स्वाद भुलिसकेका छन् । त्यसैले मानव स्वास्थ्य प्रबर्द्धन गर्न र घरेलु खाद्य पदार्थको प्रयोग बढाउन जङ्कफुड न्यूनीकरण अपरिहार्य भइसकेको छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५१५५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७१९, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस २५ गते सोमबार ९ जनवरी २०२३ । द्वितीया, माघ कृष्णपक्ष। पोहेलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२४ ।

आजको राशिफल

मेष	: जोस एवम् जांगर बढ्ने	तुला	: अरुको विश्वास जित्न सकिने
वृष	: बादविवाद बढ्ने	वृश्चिक	: चिन्ता बढ्ने
मिथुन	: घरेलु काममा रुचि	धनु	: मान मर्यादामा वृद्धि
कर्कट	: प्रयासहरु फलदायी हुने	मकर	: लेनदेनको विवाद बढ्ने
सिंह	: कुरा काट्नेहरु सक्रियता	कुम्भ	: स्वास्थ्यमा सुधार हुने
कन्या	: बौद्धिक कार्यबाट प्रशंसा मिल्ने	मीन	: अध्ययनमा प्रगति हुने

अबको विकासका प्राथमिकता

सुमना श्रेष्ठ



सातदलीय समर्थनको सरकार बन्नासाथ मलाई एउटा कुराले बारम्बार सोचमग्न बनाइरहेको छ । त्यो के भने, म आफैं सहभागी नयाँ संसद् र मेरो दलसमेत सामेल वर्तमान सरकारसँग नागरिकका आशा र आकांक्षा उच्च छन् । तर जीवनको क्षणभंगुरता सम्झँदा सीमित स्रोत र समयभित्र पूरा गर्नुपर्ने जनआकांक्षा र चुनावी घोषणापत्रका प्रतिबद्धता दुवैं असीमित लाग्दा रहेछन् । किनभने हामी सबैको मृत्यु निश्चित छ र काम गर्ने समय एकदम सीमित छ ।

यो पृष्ठभूमिमा संसद् र सरकार दुवैं भूमिकामा रहने हामीमध्येका जोकसैले उच्च जनअपेक्षालाई सम्बोधन गर्न सीमित स्रोत र समयलाई अधिकतम प्रतिफल दिने गरी उपयोग नगरी सुखै छैन ।

विश्वसमुदाय विज्ञान र प्रविधिमा फड्को मार्दै तीव्र गतिमा अघि बढिरहेको छ, 'ग्लोबल साउथ' भनिने नेपालजस्ता केही मुलुक भने विकासको मामिलामा दशकौं पछि छन् । समाजशास्त्री डोरबहादुर बिष्टले ३२ वर्षअघि भनेजस्तो, नेपालको विकासमा अझै पनि भाग्यवाद र चाकरीवाद बाधक देखिँदै आएको छ । यो भाग्यवादलाई परास्त गर्दै हामीले दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकतामा राख्नुपर्छ । नत्र विकासको द्रुत गति भेट्ने हाम्रो लक्ष्य केवल दिवास्वप्न हुनेछ ।

सर्वप्रथम, नेपालको विकासको ढाँचा कस्तो हुने भन्नेबारे बहस आवश्यक छ । १२३ भाषा र १२६ जातजातिले भरिएको राष्ट्रमा नागरिकका विकास अवधारणा विविध छन् । भौतिक पूर्वाधार र आर्थिक सूचकांकसँगै शिक्षा, स्वास्थ्य र राज्यका अन्य स्रोतमा पहुँच लगायतका सामाजिक र वर्गीय विकास पनि महत्त्वपूर्ण छन् । विकासको कुनै एउटा दृष्टिकोण वा पद्धतिले मात्र काम नगर्न सक्छ । उदाहरणका लागि, नेपालका ठूला सहरहरूमा फुटपाथमा व्यापार गर्ने मानिसहरू र स्थानीय सरकारबीच घम्साघम्सी देखिइरहेको छ जुन विकासको पद्धतिमा समान धारणा नहुनुको परिणाम हो । न्युयोर्क वा सिंगापुर जस्ता अति विकसित सहर वा राष्ट्रको जस्तो विकास गर्ने हो भने यस्तो मोडल पछ्र्याउन उच्चत हाम्रा सहरहरू मृतप्राय: भइजान्छन् । किनभने हरेक सहरको आफ्नै विशिष्ट विशेषता हुन्छ ।

हाम्रोजस्तो विकासशील मुलुकका सम्भ्रान्त तथा कतिपय मध्यम वर्गका नागरिकहरूले अमेरिका वा युरोपका विकसित सहरमा सुविधापूर्ण जीवन जिउने सपना देख्छन् । त्यसरी नै नेपालको पनि प्रत्येक सहरले जुनसुकै सपना बोकेर उन्नति गर्ने अवसरको खोजीमा आउने जहाँसुकैका मानिसलाई पनि ठाउँ दिनुपर्छ । अन्यथा यहाँका गाउँ-सहरहरूबाट उत्तम अवसरको खोजीमा युरोप-अमेरिकामा पुगेर स्थापित हुने प्रयत्न गरि रहेका तमाम नेपाली दाजुभाइ तथा दिदीबहिनी पनि त्यसरी नै विस्थापित हुनलायक ठानिन सक्छन् भन्ने हामी कसैले पनि बिर्सनु हुँदैन ।

हाम्रा महानगर, उपमहानगर र नगरका आम बासिन्दामध्ये कोहीलाई सजिलो बनाउनकै लागि अरू कतिपयलाई दु:ख दिएर नयाँ वर्गहरू सृजना गर्दै जाने हो भने समता र समानतामा आधारित समृद्ध समाजको परिकल्पना साकार हुनु त कता हो कता, त्यसका लागि बन्दै गरेको जग पनि गर्ल्यामगुर्लुम हुने खतरा धेरै टाढा छैन । त्यस्तो नीति र व्यवहारले मानिस-मानिसबीच विद्यमान विभेदको खाडल पुर्नुको सट्टा झन्झन् गहिरो र फराकिलो बनाउँदै लैजान्छ ।

हाम्र सहरहरूमा श्रमजीवी वर्ग र राज्यबीच देखिएको टकरावको जुन समस्या छ, त्यसको समाधान बहुपक्षीय विश्लेषणबाट मात्रै सम्भव छ । राज्यपक्षले एउटा नियम बनाएर लाद्दैमा विकासको एक मात्र उपाय त्यही हो भन्ने हुँदैन । त्यसले त अझ विद्रोह निम्त्याउँछ । यो विषय समुन्नत नेपालको भविष्य कोर्नका लागि एउटा सान्दर्भिक दृष्टान्त भएकाले यहाँ उल्लेख गरिएको हो ।

यो पंक्तिकार मासाचुसट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी) मा अध्ययनरत रहँदा त्यहाँका प्राध्यापकले विकासका तीन प्रमुख आधारहरू उत्पादनका साधन, प्रविधि र समन्वयकारी पात्रको महत्त्वबारे कुरा गर्थे । यीमध्ये समन्वयकारी पात्रको भूमिका राजनीतिक नेतृत्वले निर्वाह गर्नुपर्छ । नेपालमा उत्पादनका लागि आवश्यक स्रोत र कच्चा पदार्थ प्रशस्त मात्रामा पाइन्छन् । प्रविधि पनि सीमित मात्रामा आयात गरिएकै छ । विकासको सामूहिक सपनालाई जागृत तुल्याउन र त्यसमा काम गर्न जादुको छडी आवश्यक छैन । यसका लागि गतिशील र सामयिक नेतृत्वको भूमिका महत्त्वपूर्ण हुन्छ, जसले विकासका विविध सपनालाई एउटा धागोमा उन्न सकोस् र प्रगतिको बिगुल फुक्न सकोस् ।

यहाँनेर नेतृत्व भन्नाले कुनै एउटा व्यक्तिलाई इंगित गरिएको होइन । व्यक्ति त, यस आलेखको सुरुमै भनिएजस्तो, सीमित समयका लागि आएको हुन्छ । राष्ट्रको ऐतिहासिक विकासक्रम हेर्दा एउटा व्यक्तिको भूमिका पीपल देखिन्छ । तर त्यस राष्ट्रको नेतृत्वको प्रणाली र पद्धति निर्माण गर्ने प्रक्रियामा राजनीतिक नेताहरूको सामूहिक पहल आवश्यक हुन्छ ।

निर्वाचन सकिएर प्रतिनिधिसभा गठन भइसकेको छ र अब चुनावी भाषणको धड्धडीबाट माथि उठ्ने बेला भएको छ । सतही घोषणा र प्रतिबद्धतामा सीमित नरही वस्तुगत परिणामका लागि राजनीतिक नेतृत्वले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्छ । त्यस्तो जिम्मेवारी खोजिरहेको अर्को क्षेत्र शिक्षा हो जसले विकासको जग बसाउँछ । शिक्षाको परिणाममुखी विकासका बारेमा बहस गर्दा पूर्वप्राथमिक शिक्षाका निम्ति गाउँगाउँमा स्थापना भएका बाल विकास केन्द्रहरूसम्म पुग्नुपर्छ ।

निजी विद्यालयहरूले कम्तीमा तीन वर्षको पूर्वप्राथमिक कक्षा सञ्चालन गरिरहँदा सरकारी विद्यालयका विद्यार्थी एक वर्ष मात्रैको बाल विकास केन्द्रमा पढ्न किन बाध्य छन् ? राजनीतिक नेतृत्वले यो असमानताको खाडल बढ्दै जान दिने कि यसलाई सदाका लागि पुर्न हस्तक्षेप गर्ने ? सरकारी तथ्यांक अनुसार, प्राथमिक र आधारभूत तहमा क्रमश: ९६.९ र ९२.७ प्रतिशत रहेको खुद भर्नादर माध्यमिक तहमा आइपुग्दा घटेर ४६.४ प्रतिशतमा पुगेको छ । स्नातक तहसम्म आइपुग्दा यो संख्या अझ घट्छ ।

शिक्षालाई भर्नाको अंकमा मात्र नहेरेर त्यसको प्रतिफलमा पनि मूल्यांकन गर्नुपर्छ । स्नातक तह उत्तीर्ण गर्ने विद्यार्थीहरूमध्ये क-कसले कुनकुन विषय पढ्छन् ? तत्त् विषयहरूमा सुधारको अवस्था कस्तो छ ? रोजगारी प्राप्त गर्न त्यो शिक्षा पर्याप्त छ कि छैन ? शिक्षाका नाममा केवल प्रमाणपत्र मात्र वितरण भइरहेको छ कि सीप र ज्ञान पनि हस्तान्तरण भइरहेको छ ? यी प्रश्नहरूको उत्तर खोजेपछि मात्र आगामी कार्यदिशा निर्माण गर्ने तहमा पुग्न सकिन्छ । यस्तो परिवेशमा संसद्ले नयाँ कानून र सरकारले नयाँ नीतिहरू बनाउँदै गर्दा सतही लोकप्रिय नारामा मात्र सीमित नभई त्यसअघि विस्तृत र गहन अध्ययन गरिनुपर्छ ।

पर्याप्त स्रोत, जनशक्ति र प्रविधि अभावको बहाना बनाइरहने छुट अबको नेतृत्वलाई छैन । नेपालबाट टाढा नगईकन छिमेकी भारतकै उदाहरण हेरेर पनि शिक्षा र रोजगारीको अवसरमा समानुपात कायम गर्न सकिन्छ । जस्तो कि, सूचना प्रविधिको औद्योगिकीकरणमा सन् १९९८ देखि सुरु भएको 'बैड्लोर बुम' बाट प्रेरित भएर निजी क्षेत्रसँग नेपाल सरकारले सहकार्य गर्नुपर्छ । नेपालको निजी क्षेत्र परिपक्व हुने बाटामा छ भन्दै गर्दा परिपक्व भइसकेको भारतको निजी क्षेत्रसँग सहकार्य किन नगर्ने ?

शिक्षा र रोजगारीबीच सामञ्जस्य कायम गर्नका निम्ति शिक्षामा राज्यको लगानी केवल लगानीका निम्ति नभई त्यो अर्थपूर्ण र प्रतिफल दिने किसिमको हुनुपर्छ । राज्यले सैद्धान्तिक मात्र नभई व्यावहारिक शिक्षामा समेत जोड दिनुपर्छ । उदाहरणका लागि, कम्प्युटर प्रविधिका निम्ति आवश्यक जनशक्ति उत्पादन गर्न अनौपचारिक शिक्षा/तालिमका रूपमा बुट क्याम्पहरू आयोजना गर्ने र तिनबाट उत्पादित जनशक्तिलाई दक्षको मान्यता दिएर विकासको आधारका रूपमा सदुपयोग गर्न सकिन्छ ।

विकास र राजनीतिक नेतृत्वको कुरा गरिरहँदा निष्पक्ष मिडिया र सचेत नागरिकको भूमिका पनि बिर्सनु हुँदैन । मिडियालाई राज्यको चौथो अंग भनिन्छ । सञ्चारमाध्यमको भूमिका राजनीतिक पृष्ठभूमिका समाचारसँगसँगै जनजीविकाका सवाल अथवा विकासको बहुपक्षीय चरित्रसम्बन्धी बहसमा केन्द्रित हुनुपर्छ ।

साथै, नागरिक तहमा पनि जागरुकता र सचेतता आवश्यक छ । कसको अजेन्डा के हो ? त्यो अजेन्डा पूरा गर्ने मार्गचित्र के हो ? आर्थिक स्रोत र खर्चमा कत्तिको पारदर्शिता छ ? यस्ता विषयमा नागरिकको जागरुकता र क्रियाशीलता जरुरी हुन्छ । किनभने हरेक आवधिक निर्वाचनमा मतदान गर्ने जिम्मेवारीका अतिरिक्त ती निर्वाचनबीच समेत नागरिकले पहरेदारको भूमिका निभाउनुपर्छ । अन्यथा राज्य प्रशासनसँग सम्बन्धित सार्वजनिक महत्त्वका विषयमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सक्दैन ।

अन्त्यमा, नेपाली राजनीतिको पछिल्लो विकासक्रममा छुटाउन नहुने विषय 'वैकल्पिक राजनीति' को उदय हो । 'वैकल्पिक राजनीति' शब्दावली आफैंले कति फरकफरक कुरा जनाउँछ, त्यो व्यक्तिगत धारणामा भर पर्न सक्छ । व्यवस्था ठीक भए सबै ठीक हुन्छ भन्ने भाष्य निर्माण गरेर अमुक राजनीतिक दल वा शक्तिले सबै समस्याको समाधान गर्छ भन्नुचाहिँ वैकल्पिक राजनीति होइन । किनभने समाजलाई क्षणभरमा परिवर्तन गर्नका लागि कुनै खास जादुको छडी अस्तित्वमा छैन । वैकल्पिक राजनीतिसँग पनि त्यस्तो ब्रह्मास्त्र हुने कुरै भएन ।

वास्तवमा वैकल्पिक राजनीति त नागरिकको तहमा देखिनुपर्छ । त्यसका लागि हरेक नागरिकले आफ्नो व्यक्तिगत, व्यावसायिक, पेसागत जीवनबाट एकै छिनका निम्ति भए पनि समय निकालेर सचेत नागरिकका रूपमा राजनीतिक मुद्दा र विकासका बहसमा सक्रिय सहभागिता जनाउनु जरुरी छ । नागरिकको सबैभन्दा ठूलो शक्ति सायद आवधिक निर्वाचनमा दिने मत हो र त्यसपछिको शक्तिशाली अस्त्र उनीहरूको सशक्त आवाज हो । जिम्मेवार नागरिकको त्यही सदाबहार शंखघोषलाई वैकल्पिक राजनीतिका रूपमा बुझेर तदनुरूपको आचरणमा निष्ठापूर्वक क्रियाशील रहन सक्यौं भने नयाँ संसद् र सरकारका माध्यमबाट नेपाललाई उकास्ने भूमिकामा हामी खरो उत्रिन सक्छौं ।

(श्रेष्ठ राष्ट्रिय स्वतन्त्र पार्टीकी प्रतिनिधिसभा सदस्य हुन् ।)

(साभार: ई-कान्तिपुर)

कम्युनिटी फार्मेसीमा बढ्दो औषधि अनियमितता

विजय बस्याल/नविन पाठक

कुनै पनि जटिल स्वास्थ्य समस्या रहेको अवस्थामा बाहेक सामान्य स्वास्थ्य समस्या हुँदा हामीहरुलाई पहिलो स्वास्थ्य सेवा प्रदायक कम्युनिटी फार्मेसी हुन् । यसको कारण हो कम्युनिटी फार्मेसीमा सहज पहुँच, द्रुत र कम खर्चिलो सेवा । यसरी नेपालमा प्रभावकारी स्वास्थ्य सेवा प्रवाहमा कम्युनिटी फार्मेसीहरुले विगत लामो समयदेखि उल्लेखनीय टेवा पुऱ्याउँदै आइरहेका छन् ।

नेपाल फार्मेसी परिषद्द्वारा प्रकाशित राष्ट्रिय कुशल फार्मेसी अभ्यास निर्देशिका, २०६२ अनुसारप्रेस्क्रिप्सन ह्यान्डलिङ, औषधि बिक्रीवितरण, दस्ताबेजिकरण, औषधि खरिद र भण्डारण, बिरामीको लक्षण अनुसार प्रतिकृया, बिरामीलाई सूचना र परामर्श, औषधिको अभिलेखिकरण, स्वास्थ्य प्रवर्दन, औषधिय सतर्कता जस्ता सुविधाहरु प्रदान गर्नु कुनैपनि कम्युनिटी फार्मेसीको दायित्व हो ।

हालको अवस्थामा नेपालमा औषधि व्यवस्था विभागमा दर्ता भएको फार्मेसीको संख्या २७,९०३ रहेको छ । नेपालमा रहेका अधिकाशं फार्मेसीहरु औषधि व्यवस्था विभागबाट ४५ घण्टादेखि ३ महिना तालिम प्राप्त व्यवसायीहरुद्वारा सञ्चालित छन् । यो तथ्यलाई नेपाल फार्मेसी परिषद्मा दर्ता भएका फार्मासिष्ट (३,७६१) र असिस्टेन्ट फार्मासिष्टको (७,१६२) संख्याले पनि देखाउँछ ।

यी आधिकारिक जनशक्तिको उपलब्धता भएता पनि अधिकाशं फार्मेसीहरुमा नातेदार (बुवा वा आमा, श्रीमान वा श्रीमती, दिदि वा भाइ), हेल्प असिस्टेन्ट र अहेवहरु (जो कम्युनिटी फार्मेसी सेवा प्रदान गर्नका लागि वैधानिक जनशक्ति होइनन्)द्वारा औषधि डिस्पेन्सिङ भइरहेको पाइन्छ । जसको कारण नेपालमा कुशल फार्मेसी अभ्यास र सेवाको गुणस्तर नभएको पाइन्छ जुन कुरालारई विभिन्न जर्नलहरुमा प्रकाशित अध्ययनहरुले प्रकाश पारेका छन् ।

पोखरा विश्वविद्यालयबाट प्रदान गरिने क्लिनिकल फार्मेसीको पाठ्यक्रम अन्तर्गत क्लिनिकल स्कलरशिपको दौरान हामी विद्यार्थीहरु तनुहँ जिल्लामा अवस्थित जिपि कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्र र पोखरामा अवस्थित हरियो खर्क अस्पताल र पुनर्स्थापना केन्द्रमा पोस्टिङ हुँदा बिरामीहरुलाई कम्युनिटी फार्मेसीबाट बिना कुनै रोग पहिचान र परीक्षणिबनै पनि औषधिहरु दिइएको पाइयो ।

बिरामीको लक्षण अनुसार प्रतिकृया गर्ने (रेस्पोन्डिड टु सिम्टम्स) र रिफरलको अवधाराणलाई मध्यनजर नगरी बिरामीहरुलाई विभिन्न औषधिहरु दिइएको देखियो । जुन कम्युनिटी फार्मेसीमा काम गर्ने जनशक्तिहरुको कार्यक्षेत्रभित्र पर्दैन । यसबाट हामी फार्मेसी क्षेत्रमा रहेका यस्ता सम्स्याहरुलाई उजागर गरी समाधानको उपाय सोच्नमा प्रेरित भयौं । यसै क्रममा जिपि कोइराला राष्ट्रिय श्वासप्रश्वास केन्द्रमा छाती दुखाइको मुख्य गुनासो लिएर आउनु भएकी एक ५१ वर्षिय महिलालाई कम्युनिटी फार्मेसीबाट बिना कुनै रोग पहिचान र परीक्षण एन्टिबायोटिक (एमोक्सिलिन तथा पोटासियल क्ल्याभुनेट, लेभोफोलक्सालिन,कर्टिकोस्टेरोइस (मिथाइल प्रड्निसोलोन) र दममा प्रयोग हुने औषधि (डोग्जोफाइलिन) जस्ता गम्भीर रोगहरुमा प्रयोग हुने औषधिहरु दिइएर पठाएको देखियो ।

औषधिको सेवन गर्दा पनि ३-४ दिनसम्म पनि पुर्णरुपमा निको नभएको भन्दै उहाँ त्यस अस्पताल आउनुभएको रहेछ । अस्पताल आएर डाक्टरसगँ परामर्श र परीक्षण गर्दा छातीमा सामान्य संकमण मात्र रहेको देखियो र त्यसका लागि उपयुक्त एन्टिबायोटिक प्रयोगको अवधि पुरा गर्ने र बाँकी औषधि सेवन गर्न आवश्यक नरहेको सल्लाह र आवश्यक परामर्श दिएर पठाइयो ।

यसैगरी हरियो खर्क अस्पताल र पुनर्स्थापना केन्द्रमा कान दुखाई र सामान्य रुगाले ग्रसित बच्चालाई जचाउँन आउनुभएको आमा पनि पहिले कम्युनिटी फार्मेसीमा जानुभएको र फार्मेसीबाट उहाँको बच्चालाई पनि मुखबाट प्रयोग गर्ने एन्टिबायोटिक (इराथ्रोमाइसिन इस्टोलेट) दिएको देखियो र उक्त औषधि अनावश्यक रहेकोले उक्त औषधि प्रयोग नगर्न सल्लाह दिइयो ।

यसरी कम्युनिटी फार्मेसीबाट अन्य बिरामीहरुलाई पनि अनुचित औषधिहरुको डिस्पेन्सिङ भइरहेको देखिएका थिए जसमध्ये यी दुई प्रतिनिधि उदाहरणलाई मुल्याङ्कन गर्ने हो भने यस्ता घटनाहरुले एन्टिबायोटिक्स रेजिस्टेन्स, औषधिको कारणबाट हुने स्वास्थ्य समस्या (प्रतिअसर वा दुस्प्रभाव),खर्चिलो स्वास्थ्य उपचार र बिरामीलाई हुने सकसलाई बढावा दिन्छन् । औषधि ऐन २०३५को दफा १७ अनुसार समूह 'ग' मा पर्ने बाहेक अन्य औषधिहरु चिकित्सकको प्रेस्क्रिप्सन बिना वितरण गर्न पाइँदैन ।

उक्त समूह 'ग' मा पर्ने औषधिहरुलाई ओभर द काउन्टर (ओटीसी) औषधि भनिन्छ र यी औषधिहरु सामान्य स्वास्थ्य समस्या जस्तै रुघा खोकी, ज्वरो, पखाला, सामान्य दुखाई आदिमा प्रयोग हुन्छन् । तसर्थ यी औषधिहरु कम्युनिटी फार्मेसीबाट यस्ता सामान्य स्वास्थ्य समस्याको उपचारको लागि चिकित्सकको प्रेस्क्रिप्सन बिना पनि वितरण गर्न पाइन्छ ।

तथापि जर्नल अफ एड्भान्स्ड एकेडेमिक रिसर्चमा प्रकाशित अध्ययन अनुसार काठमाडौं र ललितपुरका लगभग ४० प्रतिशत फार्मासिष्टलाई ओटीसी औषधिको बारेमा पर्याप्त जानकारी नभएको पाइएको छ । साथै विभिन्न अध्ययन अनुसार नेपालमा कम्युनिटी फार्मेसीहरुबाट चिकित्सकको प्रेस्क्रिप्सन बिना पनि एन्टिबायोटिक, कर्टिकोस्टेरोइडस्, दुखाइ निवारक जस्ता संवेदनशील औषधिहरु वितरण भइरहेको पाइन्छ ।

यी औषधिहरुको अनुचित प्रयोगले जनस्वास्थ्यमा गम्भीर प्रभाव पार्दछ र यही अवस्था रहिरहेमा भविष्यमा नेपालीहरुको स्वास्थ्यमा विकराल समस्या आउनसक्छ । जस्तै: एन्टिबायोटिक्स रेजिस्टेन्स (एन्टीबायोटिक्सको लगातार प्रयोग गर्दै जाँदा यसको प्रयोगमा भएका त्रुटिहरु जस्तै अनुचित डोज, पुर्ण मात्रामा सेवन नगर्नु, रोगको पहिचान नभइ सेवन गर्नु, सुक्ष्म जीवहरु आफ्नो स्वरुप वा शारीरीक संरचना परिवर्तन गर्न सक्षम हुने र एन्टीबायोटिकको प्रभावबाट मुक्त हुने), औषधिको कारणबाट हुने स्वास्थ्य समस्या, मृत्यु र खर्चिलो स्वास्थ्य उपचार आदि । विश्व स्वास्थ्य संगठन अनुसार एन्टिबायोटिक रेजिस्टेन्सविश्व जनस्वास्थ्यका लागि चुनौतिको रुपमा उदाइरहेको छ ।

एन्टिबायोटिक्स रेजिस्टेन्सको कारण असक्षमता (शारीरिक, मानसिक र सामाजिक)र मृत्युका साथै अस्पताल बसाई अवधिर खर्च पनि बढिरहेको छ । विश्व प्रसिद्ध जर्नल दि ल्यान्सेटमा प्रकाशित अध्ययन अनुसार विश्वभर २०१९ मा मात्रै लगभग ४.९५ मिलियन मृत्यु एन्टिबायोटिक्स रेजिस्टेन्ससँग सम्बन्धित रहेका थिए ।

हाल नेपालमा औषधिको अनुचित प्रयोगको ठोस तथ्याङ्क नभएता पनि यसको समस्या भने व्याप्त रहेको पाइन्छ । यो समस्यालाई समाधान गर्न औषधिको समुचित प्रयोगको सुनिश्चितता गर्ने मुख्य जिम्मेवारी भने फार्मासिष्टको हुन्छ । फार्मासिष्टका साथै अन्य स्वास्थ्यकर्मी मुख्यत: डाक्टर र नर्सको पनि यसमा महत्वपूर्ण भूमिका हुने गर्दछ । तसर्थ कम्युनिटी फार्मेसीबाट हुने अनुचित औषधिको बिक्रि-वितरणलाई फार्मासिष्टहरुद्वारा पहिचान गरेर त्यसको समाधान गर्दै निरुत्साहित गर्नुपर्दछ । जनसमुदायमा पनि फार्मासिष्टहरुद्वारा औषधिको समुचित प्रयोग सम्बन्धी जनचेतना प्रदान गर्नुपर्दछ ।

बाँकी पृष्ठ-३ मा....

रास्वपामा मन्त्री तयार छन्, मन्त्रालय टुंगो छैन

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई एक राज्यमन्त्री सहित तीन मन्त्रालय दिने सत्ता गठबन्धनमा लगभग सहमति छ । मन्त्रालय बाँडफाँडका क्रममा संख्या टुंगो लागेपनि कसलाई कुन मन्त्रालय दिने भन्ने टुंगिएको छैन ।

तर, मन्त्रालय टुंगो नलागे पनि रास्वपामा मन्त्री बन्नेहरु चाहिँ तयार छन् । अहिले पार्टीमा डा. तोसिमा कार्की, प्रा.डा.चन्दा कार्की, शिशिर खनाल, सोबिता गौतम, विराजभक्त श्रेष्ठ, मनिष झा लगायतले मन्त्री बन्न दाबी प्रस्तुत गरिरहेका छन् ।

एक सांसदका अनुसार अहिलेसम्म सरकारमा पठाउने कसलाई भन्नेबारे औपचारिक छलफल विज्ञतालाई आधार बनाएर सरकारमा पठाउने सहमति छ ।

पार्टी प्रवक्ता डा. मुकुल ढकालका अनुसार रास्वपाको रुचि शिक्षा, स्वास्थ्य, कृषि, ऊर्जा, खेलकुद लगायत जनतासँग प्रत्यक्ष जोडिएका विषयगत मन्त्रालयहरुमा हो । 'अहिलेसम्म यही मन्त्रालय भनेर प्रस्ताव गरेका छैनौं', उनले भने ।

पार्टीको केन्द्रीय समिति बैठकले कसलाई सरकारमा पठाउने भन्ने विषयमा निर्णय गर्ने अधिकार सभापति लामिछानेलाई नै दिएको छ । तर, नेताहरुका अनुसार पाउने मन्त्रालय टुंगिएमा कसलाई पठाउने भन्ने लगभग निश्चित छ ।

यदि रास्वपाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाए काठमाडौं-६ बाट निर्वाचित सांसद शिशिर खनाललाई पठाउने तयारी छ । दुर्गम क्षेत्रको शिक्षा सुधारमा काम गर्दै आएको 'टिच फर नेपाल'को नेतृत्व गरेका खनाल राजनीतिमा

आउनुअघि सार्वजनिक शिक्षा सुधारको अभियान चलाइरहेका थिए । २०७४ सालको निर्वाचन पछि उनले तुलसीपुर उपमहानगरमा बिना पारिश्रमिक शिक्षा सल्लाहकार भएर नगरलाई शैक्षिक हब बनाउने गरी काम गरेका थिए ।

कोरोना महामारीका बेला विद्यालय बन्द भएका बेला उनले संक्रमणको अवस्था अनुसार संक्रमण नदेखिएका ठाउँमा निरन्तर विद्यालय खोल्नुपर्ने भन्दै अभियान चलाएका थिए । विगतमा उनले शिक्षा मन्त्रालयसँग जोडिएर नीतिगत काममा पनि सघाएका थिए ।

पार्टीका एक नेता भन्छन्, 'उहाँको पृष्ठभूमिका कारण पार्टीले शिक्षा मन्त्रालय पाए उहाँ मन्त्री बन्ने निश्चित जस्तै छ ।' स्वास्थ्य मन्त्रालय पाउने परिस्थिति बने डा. तोसिमा कार्की र प्रा. डा. चन्दा कार्कीमध्ये एक जना मन्त्री बन्ने उनी बताउँछन् । मन्त्रालय पाउने टुंगो नलागे पनि दुईबीच तीव्र प्रतिस्पर्धा चलिरहेको छ ।

ललितपुरको नख्खुकी ललितपुर क्लिनिक मेडिकल कलेजको एमबीबीएस र काठमाडौं विश्वविद्यालयको एमएस (शल्य-चिकित्सामा स्नातकोत्तर) हुन् । सत्याग्रही डा. गोविन्द केसीकी समर्थकका उनले चिकित्सा शिक्षा सुधार अभियानमा सुरुबाटै डा. केसीसँग काम गरेकी थिइन् ।

समानुपातिक सांसद डा. कार्की काठमाडौं मेडिकल कलेज (केएमसी) को पूर्वप्रमुख कार्यकारी अधिकृत (सीईओ) हुन् । महोत्तरीकी कार्कीसँग नोबेल मेडिकल कलेजमा पनि सीईओ र प्रिन्सिपल भएर काम गरेको अनुभव छ ।

दुवैले आफ्नो पृष्ठभूमि देखाएर स्वास्थ्य मन्त्रालयमा दाबी गरिरहेका छन् । डा. तोसिमा भन्छिन्, 'औपचारिक रुपमा केही भनेको छैन, तर जिम्मेवारी आए तयार छु ।' उनले प्रत्यक्ष निर्वाचितलाई सांसद बनाउनुपर्छ भनेर लबिइङ गरिरहेकी छन् ।

पार्टी नेतृत्वले चाहिँ दुईमध्ये एक छान्नुपरे प्रा. डा. कार्कीलाई रोज्ने एक जना केन्द्रीय सदस्य बताउँछन् । तर, तोसिमालाई मन्त्री बनाउनुपर्ने पक्षमा पार्टीभित्र व्यापक दबाब छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पाउने स्थितिमा काठमाडौं-२ बाट निर्वाचित सांसद सोबिता गौतम मन्त्री बन्ने सम्भावना छ । प्रखर भाषण कलाका कारण सोबिता चर्चामा आएकी थिइन् । पूर्वटेलिभिजन कार्यक्रम निर्माता र प्रस्तोता समेत रहेकी सोबिता पार्टीमा केन्द्रीय सदस्य समेत हुन् । पार्टीका एक केन्द्रीय सदस्य भन्छन्, 'बाहिर बनेको उहाँको छवि र कानून पढेको पृष्ठभूमिका कारण पनि कानून मन्त्रालय पाए उहाँलाई पार्टीले पठाउनेछ ।'

रास्वपाले उपसभामुखमा पनि दावी गरिरहेको छ । पार्टीले कानून मन्त्रालय नपाए उनको नजर उपसभामुखमा पनि छ । सोबिता मन्त्री बने सुमना श्रेष्ठलाई उपसभामुख बनाउने तयारी छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा काठमाडौं-८ का सांसद विराजभक्त श्रेष्ठले दाबी गरिरहेका छन् । विगतमा बागमती प्रदेशसभा सदस्य भएर काम गरेको अनुभव भएका उनले संस्कृतिको क्षेत्रमा काम गरेको अनुभवका कारण आफूलाई पार्टीले सरकारमा पठाउनुपर्ने बताउने गरेका छन् ।

विवेकशील साझा पार्टीबाट त्यसबेला प्रदेशसभा सदस्य बनेका उनले नेपाल भाषा र तामाङ भाषालाई बागमती प्रदेश सरकारको कामकाजको भाषा बनाउने कानुन पारित गराउन महत्वपूर्ण भूमिका खेलेका थिए ।

उनले बागमती प्रदेश

'औद्योगिक उत्पादनको बिक्रीमा ७० प्रतिशतसम्म कमी'

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/हालको अवस्थामा औद्योगिक उत्पादनको बिक्रीमा ७० प्रतिशतसम्म कमि आएको उद्योगीहरुले गुनासो गरेका छन् ।

शनिबार उद्योग संघ मकवानपुरको २१ औं साधारणसभा बोल्दै उद्योगीहरुले यस्तो बताएका हुन् । कार्यक्रममा बोल्दै नेपाल उद्योग परिसंघ अध्यक्ष विष्णुकुमार अग्रवालले उद्योगी व्यवसायी निकै ठूलो समस्यामा रहेको उद्योगीहरुले बताए । उनले देशमा देखिएको आर्थिक समस्याका कारण औद्योगिक उत्पादनको बिक्रीमा ७० प्रतिशतसम्म कमी आएको बताए । उनका अनुसार औद्योगिक उत्पादनमा ४०-७० प्रतिशतसम्म पहिलेको तुलनामा बिक्री घटेको छ ।

उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेलले हेटौंडा औद्योगिक क्षेत्र र बाहिरका

उद्योगीहरुले भोग्नु परेका समस्याहरुका बारेमा जानकारी गराएका थिए । उनले राज्यले उद्योगीलाई हेर्ने नजरनै फरक रहेको बताउँदै केही दिनदेखि औद्योगिक क्षेत्रमा अघोषित लोडसेडिङ भएर झन समस्यामा उत्पन्न भएको बताए ।

संघ अध्यक्ष प्याकुरेलको सभाध्यक्षतामा भएको सभामा सभाको उद्योग, पर्यटन, वन तथा वातावरण समितिमा रहेर काम गरे । सदनको उद्योग समितिद्वारा गठित पर्यटन मन्त्रालयसम्बन्धी सुझाव कार्यदलको संयोजक रहेको अनुभव पनि श्रेष्ठसँग छ । त्यसैलाई देखाएर श्रेष्ठले संस्कृति मन्त्रालयमा दाबी गरिरहेका छन् ।

श्रेष्ठ भन्छन्, 'पार्टीले जिम्मेवारी दिए जस्तोसुकै भूमिका निभाउन पनि तयार छु ।' पर्यटन व्यवसायको पृष्ठभूमि भएका उपसभापति डोलप्रसाद अर्यालले पनि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा नजर लगाइरहेका छन् ।

समानुपातिक सांसद मनिष झाले युवा तथा खेलकुद मन्त्रालयमा दाबी गरिरहेका छन् । झा अनुसन्धानमा आधारित तथ्यांक सार्वजनिक गर्दै आएको आएको संस्था 'फ्याक्टस् नेपाल'का प्रमुख हुन् । उनलाई पार्टीले समानुपातिक पद्धतिमा मधेशी क्लस्टरबाट सांसद बनाएको थियो । *(स्रोत: अनलाइखबर)*

मामाघर नेपाललाई ११ हजार नगद आर्थिक सहयोग गरिएको थियो । कार्यक्रममा नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघका अध्यक्ष रामहिरा पाठक, बागमती प्रदेश सभाका सदस्यहरु एकालाल श्रेष्ठ, भारती पाठक, संघका पूर्वाध्यक्षहरु लगायत विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

'भष्मे डन'मा विपिनसँगै सौगात पनि

काठमाडौं/२०७९ सालको व्यवसायिक तथा समिक्षात्मक रुपमा सफल फिल्म 'पशुपति प्रसाद'मा अभिनेता विपिन कार्कीले निभाएको चर्चित पात्र भष्मे डनको नामभाथि निर्माण हुन लागेको 'भष्मे डन'मा अभिनेता सौगात मल्लको पनि अभिनय रहने भएको छ । उनीसँग निर्माण टिमको मौखिक सहमति भइसकेको छ । अहिले पोखरामा र हेका सौगात काठमाडौं फर्किएपछि कागजी सम्झौता हुनेछ ।

फिल्ममा सौगातभन्दा अगाडि बिपिन अनुबन्धित भइसकेका छन् । फिल्ममा उनले भष्मे डनको चरित्र निर्वाह गर्नेछन् । 'पशुपति प्रसाद'कै निर्देशक तथा लेखक दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको फिल्मको आगामी फागुन १२ गतेबाट छायांकन सुरु हुनेछ ।

अहिले स्क्रिप्ट 'रि-राइट'को चरणमा रहेको निर्देशक खनालले जानकारी दिए । स्क्रिप्ट खगेन्द्र लामिछानेले लेखिरहेका छन् ।

'पशुपति प्रसाद' जहाँ अन्त्य भएको थियो त्यहीँबाट 'भष्मे डन'को कथाको उठान हुनेछ । फिल्ममा उनले भष्मे डनको चरित्र निर्वाह गर्नेछन् । 'पशुपति प्रसाद'मा हनुमानको क्यारेक्टर निभाएका कलाकार रविन्द्र सिंह बानियाँको पनि फिल्ममा मुख्य भूमिका रहनेछ । खगेन्द्र लामिछाने भने सरप्राइज हुने बताइएको छ । अहिले निर्माण टिम फिल्मका लागि एक फिमेल क्यारेक्टरको खोजीमा छ । दीपेन्द्र र खगेन्द्रले मिलेर फिल्मको निर्माण गर्नेछन् । यसअघि उनीहरुबीच दुई फिल्म 'पशुपति प्रसाद' र 'धनपति'मा सहकार्य भएको थियो ।

के 'भगवत् गीता' पनि भदैंछन् सौगात ?

भरना थापाको निर्देशनमा बन्न लागेको फिल्म 'भगवत् गीता'को एउटा महत्त्वपूर्ण भूमिकाको अफर सौगात मल्ललाई गरिएको छ । पहिला अभिनेता दयाहाङ राईलाई अफर गरिएको भूमिका केही परिवर्तन गरेर सौगातलाई प्रस्ताव गरिएको हो । सौगातलाई चरित्र र स्क्रिप्ट चित्त बुझेको छ । तर, कागजी सम्झौता भने नभइसकेको निर्माता सुनिल कुमार थापाले जानकारी दिए ।

उनले भने, 'सौगातजीसँग कुराकानी भैरहेको छ । तर, उहाँको अर्को फिल्मसँग सेड्युल जुध्ने भएपछि सम्झौता हुन सकेको छैन । सेड्युल मिलेको खण्डमा उहाँले काम गर्न सक्नुहुन्छ ।' भगवत् गीताभा अभिनेत्री सुहाना थापा र अभिनेता धिरज मगर को मुख्य भूमिका रहनेछ । अहिले प्रि-प्रोडक्सनको काम भइरहेको र माघ अन्तिम साताबाट सुटिङ सुरु गर्ने योजना रहेको थापाले बताए ।

साराले किन 'गुञ्जन'को रिलिज सार्न आग्रह गरिन् ?

काठमाडौं/अभिनेत्री सारा सिरपाइली चार वर्षपछि फिल्म 'गुञ्जन'मार्फत् ठूलो पर्दामा देखिँदैछिन् । फिल्म 'सुश्री सम्पति'पछि उनले 'गुञ्जन'मा काम गरेकी थिइन् । तर, कोभिडसँगै विभिन्न कारणले फिल्म निर्माण भएर प्रदर्शनका लागि तयार हुन केही ढिला भयो । यो बीचमा उनले फिल्म 'हनी बनी' पनि सम्झौता गरेकी थिइन् । तर, बेलायतको भिसा झर्न ढिलाई हुँदा उनले फिल्म छाड्न बाध्य हुनुपर्‍यो ।

अहिले सारा दुबईमा छिन् । होटल म्यानेजमेन्टको अध्ययन गरेकी उनी दुबईमा नै आकर्षक तलबसहित काम गरिरहेको जानकारी प्राप्त छ । जागिरे जीवनमा व्यस्त रहँदा उनी अभिनीत फिल्म 'गुञ्जन' यही पुष २९ गतेबाट प्रदर्शनमा आउँदैछ । उनलाई फिल्मको प्रचारका लागि नेपाल फिकाउन निर्माण टिमले प्रयास गरि रहेको भए पनि जागिरले गर्दा सारा तत्काल नेपाल नआउने भएकी छन् ।

बरु, साराले निर्माता र निर्देशकलाई दुई महिना पछाडि रिलिज सार्न आग्रह गरेकी थिइन् । बिहीबार एक कार्यक्रममा निर्देशक अष्ट महर्जनले भने, 'दुबई जाने बेला मलाई उहाँले प्रचारमा आउँछु भन्नुभएको थियो ।

पब्लिसिटीका लागि नेपाल आउने बेला उहाँको दुबईमा राम्रो जागिर मिलेछ । उहाँले 'दुई महिना पछाडि रिलिज सार्न सके म आउने थिएँ' भनेर मलाई म्यासेज गर्नुभएको थियो ।'

अष्टले सारालो करिअर दुबईमा राम्रो छ भने आफूहरुले प्रचार-पसारका लागि दबाब दिन उपयुक्त नहुने बताए । उनले अगाडि भने, 'उहाँले दुबईमै बसेर भए पनि फिल्मका प्रचार सामाग्रीहरु सामाजिक सञ्जालमा पोस्ट गरेर शुभकामना दिइरहन् भएको छ । म त खुसी छु । सारा खुसी हुनु भनेको हामी पनि खुसी हुनु हो ।' साराको कामप्रति पनि आफू खुसी रहेको महर्जनको भनाई छ ।

संकटाले जित्यो २२ औं आहाराराय पोखरा गोल्डकपको उपाधि

पोखरा/आहाराराय पोखरा गोल्डकपको २२ औं संस्करणको उपाधि संकटा क्लबले हात परेको छ । शनिबार पोखरा रंगशालास्थित फुटबल मैदानमा भएको फाइनल खेलमा संकटाले अमेरिकी टिम भुटनिज युथलाई ३-२ गोलअन्तरले पराजित गर्दै उपाधि चुमेको हो ।

संकटाको जितमा सुरजज्यू ठकुरी, मेस्सुके ओलामाउ र सुनिल बलले गोल गरे । विदेशी टिम भुटनिज युथ स्पोर्टस क्लबका तर्फबाट रेने स्यान्टिलन र विलिस ग्रिफिटले गोल गरे ।

योसँगै आहाराराया दोस्रो पटक संकटाले उपाधि सुरक्षित गरेको छ । यसअघि संकटाले ०७७ को आहाराराय गोल्डकपको उपाधि जितेको थियो । २ पटक फाइनल पुगेको संकटाले दुवै पटक विदेशी टिमको सामना गर्नुपरेको छ । ०७७ मा संकटाले अफ्रिकन रुटसलाई ट्राइब्रेकरमा पराजित गरेको थियो ।

२२ औं संस्करणको आहाराराय पोखरा गोल्डकपको फाइनल खेलमा पहिलो अग्रता संकटा लिएको थियो । संकटाका खेलाडी सुरजज्यू ठकुरीले खेलको ७ औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए ।

संकटाका निशान खड्कले बायाँ कर्नर नजिकबाट दिएको लामो प्रहारलाई भुटनिजका गोल रक्षक तथा कप्तानसमेत रहेका पुजन थापा मगरले मुक्का प्रहार गर्दै बचाउने प्रयासमा थिए, तर, उनको हातबाट फुक्रिएको रिबाउन्ड बललाई नै पुन: प्रहार गर्दै ठकुरीले गोलपोस्टको जाली चुमाए ।

मेस्के ओलामाउले खेलको ३४ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै संकटाको अग्रता दोब्बर बनाए । कर्नर किक पाएको संकटाका कप्तानसमेत रहेका सुनिल बलको प्रहारलाई ओलामाउले गोलमा परिणत गरेका थिए । तर, खुसी लामो समयसम्म टिक्न सकेन । खेलको ३७ औं मिनेटमा रेने स्यान्टिलनले भुटनिजका लागि गोल गर्दै अग्रतालाई १-० को अन्तरमा ल्याएका थिए । लगत्तै संकटाले फेरि फ्रिकको अवसर पाएको थियो । तर, स्टेफन बिनोडको बल पोस्टभन्दा बाहिर बाहिरिन पुग्यो ।

खेलको ४७ औं मिनेटमा भुटनिजका थोमस स्याकरको हेडर प्रहारलाई संकटाका गोलरक्षक टिकेन्द्र थापाले बचाउने प्रयासमा थिए । तर, उनको हातबाट फुक्रिएको बललाई पुन: हेडरबाटै भुटनिजका विलिस ग्रिफिटले फिनिसिङ दिएका हुन् । उनको गोलसँगै पहिलो हाफमै खेल २-२ गोलको बराबरीमा फर्किएको थियो ।

खचाखच दर्शकको चर्को हुटिङमाझ खेल निकै प्रतिस्पर्धात्मक बनेको थियो । दुवै टिमले पटकपटक गोल गर्ने अवसर पाए पनि त्यसलाई सदुपयोग गर्न भने चुके । निर्धारित समय बराबरीमा टुंगिएपछि खेल अतिरिक्त समयमा पुगेको थियो ।

३० मिनेट थपिएको अतिरिक्त समयको दोस्रो हाफमा संकटाका मेसुके ओलामाउ र हेक्टर ओर्टेगा एकआपसमा जुध्दा केहीबेर स्थिति तनावपूर्णसमेत बनेको थियो । जसमा संकटाका मेसुके ओलामाउ र स्टेफन बिनोड र भुटनिजका रेने स्यान्टिलनलाई रेफ्री प्रज्वल क्षेत्रीले पहेंलो कार्ड दिए । थपिएको ३० मिनेटको समयको २६ औं मिनेटमा संकटामा हालै अनुबन्ध भएका कप्तान सुनिल बलले विपक्षी पोस्टमा बल छिराउँदै जित सुनिश्चित गरेका हुन् । प्रतियोगिता विजेता संकटाले १२ लाख रुपैयाँ र उपविजेता भुटनिजले ६ लाख रुपैयाँ प्राप्त गरेका छन् । सहारातले यसै वर्षदेखि पुरस्कार राशीमा वृद्धि गरेको हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

कम्युनिटी फार्मेसीमा....

नेपालमा फार्मेसी पेशाको नियमन, नियन्त्रण, प्रवर्दन र विकासको लागि विभिन्न निकायहरुले काम गर्दै आइरहेका छन् । तीमध्ये औषधि व्यवस्था विभाग र नेपाल फार्मेसी परिषद् दुई महत्वपुर्ण सरकारी निकायहरु हुन् ।

नेपालमा फार्मासिष्टको संख्या प्रर्याप्त नभएको तथ्यलाई ध्यानमा राख्दै औषधि व्यवस्था विभाग र नेपाल फार्मेसी परिषद्ले पनि कम्युनिटी फार्मेसीबाट हुने अनुचित औषधि डिस्पेन्सिङलाई रोक्न र निर्मुल पार्न जति सक्दो छिटो आवश्यक कदमहरु चाल्नुपर्ने देखिन्छ । औषधि ऐन २०३५ अनुसार औषधिको बिक्री-वितरण, डिस्पेन्सिङवा सन्चय गर्न उपयुक्त जनशक्ति र श्रोतसाधन जुटाउनुपर्ने हुन्छ र सोको निरीक्षण गर्नु औषधि व्यवस्था विभागको जिम्मेवारी भित्र पर्दछ । सायै कम्युनिटी फार्मेसीबाट गरिने औषधिको बिक्री-वितरणको निरीक्षण पनि औषधि व्यवस्था विभागले नै गर्नुपर्दछ ।

विभागबाट उल्लेखित कामहरु सामान्य रुपमा भइरहेता पनि कम्युनिटी फार्मेसीबाट भइरहेको अनुचित औषधि बिक्री-वितरणको व्याप्ततालाई हेर्दा विभागको कामहरु चुस्त बनाउनुपर्ने देखिन्छ ।

नेपाल फार्मेसी परिषद फार्मेसी पेशालाई व्यवस्थित र वैज्ञानिक ढंगले संचालन गर्न स्थापित गरिएको भएता पनि नेपाल फार्मेसी परिषद् ऐन २०५७ मा कम्युनिटी फार्मेसी सम्बन्धी केही पनि स्पष्ट व्यवस्था गरिएको छैन । नेपाल फार्मेसी परिषद्को काम फार्मेसी पेशालाई व्यवस्थित र वैज्ञानिक ढंगले संचालन गर्न आवश्यक पर्ने नीति निर्माण, त्यसको कार्यान्वयन र सायै फार्मेसी सेवा प्रदान गर्न आवश्यक पर्ने जनशक्तिको योग्यता निर्धारण गर्नु हो ।

तथापी नेपाल फार्मेसी परिषद् ऐन २०५७ मा कम्युनिटी फार्मेसीलाई नसमेटिएको कारण नेपाल फार्मेसी परिषद्ले प्रत्यक्ष रुपमा कम्युनिटी फार्मेसीको काम-कारवाहीलाई नियमन गर्न सक्दैन । जसका कारण सम्पुर्ण फार्मेसी पेशालाई समेट्न नेपाल फार्मेसी परिषद् ऐनको समय सापेक्ष संसोधन जरुरी देखिन्छ ।

औषधि व्यवस्था विभाग र नेपाल फार्मेसी परिषद्को बाहेक कम्युनिटी फार्मेसीलाई चाहिने दक्ष जनशक्तिको उत्पादनमा शैक्षिक संस्थाहरुको पनिमहत्वपुर्ण भुमिका भएकाले उक्त शैक्षिक संस्थाहरुबाट फार्मेसी शिक्षालाई प्रभावकारी, व्यवहारिक र समय सापेक्षिक बनाउन जरुरी देखिन्छ । त्यसैगरी नेपालमा फार्मेसी पेशाको विकासमा नेपाल फार्मास्युटिकल एसोसिएसनले पनि भुमिका निर्वाह गर्दै आइरहेको छ । सायै फार्मेसी पेशासँग सम्बन्धित अन्य संघ सस्थाहरु पनि फार्मेसी पेशाको विकासमा टेवा पुऱ्याउँदै आइरहेका छन् । तसर्थ यी संघ सस्थाहरुको पनि कम्युनिटी फार्मेसीको विकास र व्यवस्थित संचालनमा महत्वपुर्ण भुमिका छ । जनताको स्वास्थ्य सुरक्षा गर्न जनस्वास्थ्य सरोकारवालाहरुको महत्वपुर्ण भुमिका हुन्छ । औषधिको अनुचित प्रयोगले जनस्वास्थ्यमा नकारात्मक प्रभाव पर्ने हुदाँ औषधिको समुचित प्रयोगमा जोड दिनु जनस्वास्थ्य सरोकारवालाहरुको जिम्मेवारी हो ।

समग्रमा कम्युनिटी फार्मेसीबाट प्रदान गरिने सेवा र यसको नियमनमा धेरै समस्या भएकाले यसको सुधारका लागि सरकार, सम्पुर्ण फार्मासिष्ट जनशक्ति, फार्मेसी पेशालाई सुधार गर्न लागि परेका संघसस्था, स्वास्थ्यकर्मी, जनस्वास्थ्य सरोकारवाला, स्वास्थ्य उपभोक्ता र शैक्षिक संघसस्थाहरुले संयुक्त भुमिका निर्वाह गर्नुपर्ने देखिन्छ । सायै फार्मेसी पेशालाई थप गुणस्तरीय बनाउन वैज्ञानिक अध्ययनबाट प्राप्त तथ्यांक र जानकारीको आधारमा नीति निर्माण र कार्यान्यवन गर्नु आजको आवश्यक्ता हो । *(साभार: नेपाल लाइभ)*

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

मकवानपुरमा नेवार समुदायका सांसददेखि कर्मचारीसम्म सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ मकवानपुरमा नेवार समुदायबाट निर्वाचित जनप्रतिनिधिदेखि अधिवक्ता, कर्मचारी, प्राध्यापक, समाजसेवीलाई एकै पटक सम्मान प्रदान गरिएको छ ।

नेवा: गुठी खल: मकवानपुरले दोश्रो वार्षिक साधारण सभाको अबसरमा आफ्नो समुदायबाट सबै क्षेत्रमा प्रतिनिधित्व गर्नेहरुलाई प्रोत्साहन स्वरुप सम्मान गरेको हो । खल:ले नेवार समुदायबाट निर्वाचित प्रदेश सांसदहरु, न्यायाधीशहरु, प्रदेश न्यायाधिवक्ता, गाउँपालिका उपाध्यक्षहरु, वडा अध्यक्षहरु, सदस्य, हेटौंडा कार्यपालिका सदस्य, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य, सरकारी कर्मचारीहरु, प्राध्यापक, समाजसेवीसहित ३० जनालाई सम्मान गरिएको हो ।

साधारण सभामा उच्च अदालत पाटन हेटौंडा इजलाशकी न्यायाधीश मेरिना श्रेष्ठको प्रमुख अतिथ्यता तथा उच्च अदालत पाटन हेटौंडा ईजालशकी न्यायाधीश निर्मला शाक्य र बागमती प्रदेशका

सांसद एकालाल श्रेष्ठको विशेष आतिथ्य रहेको थियो ।

प्रदेश सांसद एकालाल श्रेष्ठले नेवार समुदायलाई अगाडि बढाउँदै समाजकै विकासका लागि नेवार समुदायका अगुवाहरु पनि हरेक क्षेत्रमा प्रतिष्पर्धा गर्दै नेतृत्वमा जान हिच्किचाउन नहुनेमा जोड दिए । बागमती प्रदेशका मुख्यन्यायाधिवक्ता श्यामनारायण श्रेष्ठले राज्यको विभेदकारी नीतिका कारण नेवारी भाषा, संस्कृति लोप हुँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै सरकारसँगै नेवार समुदाय गम्भीर हुनुपर्ने बताए । नेवा: गुठी खल: मकवानपुरका अध्यक्ष अनिल खड्गेको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा नगर पालिकाका उपमेयर भरत गोपाली, हेटौंडाको वडा नम्बर २ का अध्यक्ष विष्णुगोपाल महर्जन, नेपाल चेम्बर अफ कमर्स बागमती प्रदेश अध्यक्ष सिद्धिलाल श्रेष्ठ, नेवा: देय् दबु मकवानपुरका संस्थापक अध्यक्ष देवप्रसाद श्रेष्ठलगायतको आतिथ्यता थियो ।

नेवा: गुठी खल: मकवानपुरका महासचिव देवकुमार श्रेष्ठले संचालन गरेको कार्यक्रममा बागमती प्रदेशका खानेपानी तथा उर्जा मन्त्रालयका सचिव मोहनकुमार शाक्य, भीमफेदी गाउँपालिका उपाध्यक्ष संजीव श्रेष्ठ, हेटौंडा उपमहानगरपालिका कार्यपालिका सदस्य साधना श्रेष्ठलगायतको उपस्थिति थियो ।

श्रेष्ठ नेवा: गुठी खल:को अध्यक्ष चयन

नेवा: गुठी खल: हेटौंडा उपमहानगरपालिका तदर्थ समितिको अध्यक्षमा विकेशलाल श्रेष्ठ चयन भएका छन् । खल: मकवानपुरको दोश्रो वार्षिक साधारणसभाको अवसरमा श्रेष्ठको नेतृत्वमा ९ सदस्यीय तदर्थ कार्यसमिति गठन गरिएको हो ।

समितिको उपाध्यक्षमा अनुषा श्रेष्ठ, सचिवमा राजेश नगर कोटी, कोषाध्यक्षमा अर्चिता श्रेष्ठ, सहसचिवमा अनिल गोपाली, सदस्यहरुमा श्यामकृष्ण श्रेष्ठ, विकी खड्गी, रेणु श्रेष्ठ र निराजन श्रेष्ठ रहेका छन् । नेवा: गुठी खल: मकवानपुरका अध्यक्ष अनिल खड्गे, उपाध्यक्षहरु यज्ञबहादुर श्रेष्ठ, मेनुका श्रेष्ठ, महासचिव देवकुमार श्रेष्ठ लगायतले खल: हेटौंडा उपमहानगर पालिका तदर्थ कार्यसमितिलाई फूलमाला लगाएर बधाई तथा शुभकामना दिएका थिए । खल:ले हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १० र ११ मा वडा समिति गठन गरिसकेको जनाएको छ ।

मनहरी क्याम्पसको अध्यक्षमा ग्लान

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ पश्चिम मकवानपुरको एकमात्र क्याम्पस मनहरी बहुमुखी क्याम्पसको क्याम्पस व्यवस्थापन समितिको अध्यक्षमा ओमबहादुर ग्लान (प्रदीप) चयन भएका छन् ।

अध्यक्ष चयन भएका ग्लान बागमती प्रदेशसभाका निवर्तमान सदस्यसमेत हुन् । उनी नेकपा माओवादी केन्द्रका तर्फबाट समानुपातिक सांसद थिए । शनिबार भएको क्याम्पसको साधारणसभाले ग्लानलाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो ।

समितिमा प्रकाश बर्तौला, नवराज सुवेदी, मातृका ढुंगाना, हेमलाल उप्रेती, जयराम अर्याल, विनोद सुवेदी र ज्योति सुवेदी सदस्य चयन भएका छन् । क्याम्पस प्रमुखसहित अन्य विभिन्न क्षेत्रका ७ जना पदेन सदस्य रहने छन् । ग्लानले सबैको साथ सहयोगर रहेको अवस्थामा शैक्षिक उन्नयनमा काम गर्न सकिने विश्वास व्यक्त गरे ।

क्याम्पसलाई गुणस्तरीय शैक्षिक क्षेत्र बनाउने ग्लानले प्रतिबद्धता जनाएका छन् । विगत ४ महिनादेखी क्याम्पसमा अध्यापन गराउने शिक्षकहरुको सुरुवातदेखि नै तलब नपाएको भन्दै पेन डाउन गरेका थिए । सोही कारण विद्यार्थीहरुले पढ्न नपाइरहेको अवस्थामा स्थानीय मिडिया, स्थानीय बुद्धिजिविहरुको पहलमा शनिबार साधारणसभा राख्ने निर्णय गरेको थियो । शनिबार नव गठित समितिको पहिलो बैठक आइतबार बस्ने निर्णय भएको जानकारी दिइएको छ ।

आफ्नै कृषि सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/कृषि क्षेत्रको उत्पादनमा लगानी गर्दै आइरहेको आफ्नै कृषि सहकारी संस्था लिमिटेडको शनिवार हेटौंडामा साधारणसभा भएको छ ।

हेटौंडा-१ मा रहेको कृषि सहकारीको १२ औं वार्षिक साधारण सभा हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा भएको हो ।

न्यौपानेले कृषि क्षेत्रमा प्रभाव पर्ने गरी काम गर्न सहकारीलाई आग्रह गरे । उनले सहकारीको काम महत्वपूर्ण भए पनि शेयर सदस्यहरुको सकियता भने कमजोर भएको बताए । सहकारीको भविष्य शेयर सदस्यहरुको सकियतामा निर्भर हुने भन्दै शेयर सदस्यहरुलाई सक्रिय पूर्वक लाग्न अनुरोध गरेका छन् ।

सहकारीले उत्पादन गरि रहेको दानाको मार्केटिङ शेयर सदस्यहरुले आफ्नो क्षेत्रबाट गर्दै सहकारीलाँ सफल बनाउनुपर्नेमा जोड दिए ।

२०६७ सालमा स्थापित सहकारीको गत आर्थिक वर्ष २०७८/०७९ मा १६ लाख ९० हजार शेयर पुँजी रहेको छ । सहकारीका अध्यक्ष पुष्परान थापाको सभाध्यक्षतामा भएको साधारणसभामा सर्वोत्तम संचिती बचत तथा ऋण सहकारीका अध्यक्ष रामबहादुर बस्नेत, आफ्नै कृषि सहकारीका सल्लाहकार श्याम प्रसाद सुवेदी, सल्लाहकार केशवलाल श्रेष्ठ, कोषाध्यक्ष शंकर थापा मगर, दाना उत्पादन समिति सदस्य धर्म सिंह बोहोरा, सहकारीका व्यवस्थापक शम्भु नेपाल, सहकारी सञ्चालक समिति सदस्य होमबहादुर राना मगर, लेखा समिति संयोजक चन्द्र बहादुर थापालगायतको आतिथ्यता रहेको थियो ।

गुणस्तरीय दूध बेच्ने ४ किसान सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ जनजागृति नगर दुग्ध उत्पादक सहकारीले गुणस्तरीय दूध बेचेको भन्दै ४ जना किसानलाई सम्मान गरेको छ ।

हेटौंडा-८, कमानेमा रहेको सहकारीले आफ्नो ३१ औं वार्षिक साधारणसभाको सन्दर्भ पारेर गुणस्तरीय दूध बिक्री गर्ने ४ किसानलाई सम्मान गरेको हो । सहकारीमा नियमित दूध बिक्रीका लागि ल्याउने टीकाकुमारी बोगटीलाई सम्मान गरिएको छ ।

सहकारीको दुग्ध संकलन केन्द्रमा दूध बिक्रीका लागि ल्याउने बोगटीले ल्याएको दुग्ध प्राविधिक हिसाबले नापजाँच गर्दा गुणस्तरीय रहेकाले उनलाई सम्मान गरीएको सहकारीका व्यवस्थापक इश्वर बस्नेतले जानकारी दिए । उनले सहकारीको साधारणसभा पूर्व दुग्ध संकलन केन्द्रमा २ हजार ५ सय ८८ लिटर दूध बिक्रीका लागि ल्याएका थिए । उनलाई प्रोत्साहत स्वरुप २ हजार ५ सहित दोसल्ला सम्मान पत्र प्रदान गरिएको थियो ।

बोगटीसहित स्थानीय सावित्री श्रेष्ठ, रेसकुमारी अधिकारी र ध्रुबकुमारी बुढाथोकीलाई सम्मानित गरिएको थियो । सम्मान कार्यक्रमका प्रमुख अतिथि हेटौंडा उपमहानगर पालिका ८ नम्बरका वडा अध्यक्ष रामकृष्ण थापाले गरेका हुन् ।

सहकारीले एकल महिला सम्मान तर्फ कान्छीमाया लामा र राधिकादेवी पौडेल, असल बचतकर्तामा सम्फना कार्की, असल ऋणिमा नानीमैयाँ बानियाँलाई सम्मान गरेको व्यवस्थापक बस्नेतले जानकारी दिए ।

सहकारीका अध्यक्ष इन्द्रबहादुर बस्नेतको अध्यक्षतामा भएको साधारण सभामा जिल्ला दुग्ध उत्पादक सहकारी संघ सञ्चालक समितिका सदस्य हेमप्रसाद न्यौपाने सहकारीका पूर्वअध्यक्षहरुको आतिथ्यता रहेको थियो ।

भरुवा बन्दुकसहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ मकवानपुर प्रहरीले भरुवा बन्दुक सहित एकजनालाई पक्राउ गरेको छ ।

बिहीबार जिल्लाको मकवानपुरगढी गाउँपालिका-७ सुकौरा दुम्सी बस्ने ५२ वर्षीय मंगल थिङलाई प्रहरीले भरुवा बन्दुकसहित प्रहरीले पक्राउ गरेको हो ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार थिङ र उनका छोरा २१ वर्षीय उमेश थिङबीच बुधबार झगडा भएको थियो ।

झगडा भएपछि छोरा उमेशले प्रहरीकोमा निवेदन दिएको र आफ्नो बाबुले घरमा भरुवा बन्दुक लुकाएको प्रहरीलाई जानकारी दिएपछि प्रहरीले खानतलासी गर्ने क्रममा घरभित्र थान १ भरुवा बन्दुक फेला परेको प्रहरीले जनाएको छ । मंगलमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

हेटौंडामा थारु समुदायको माघी महोत्सव मनाईँदै

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ हेटौंडामा थारु समुदायको महत्वपूर्ण पर्व माघीको अबसरमा महोत्सव आयोजना गरिने भएको छ । हेटौंडामा थारु समुदायहरुले २०७५ सालदेखि माघी महोत्सव गर्दै आएका थिए ।

थारु कल्याणकारिणी सभा मकवानपुरको आयोजनामा २०७९ माघ १ गते हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेको मैदानमा पाँचौ थारु माघी महोत्सव-२०७९ गर्ने भएको हो ।

थारु कल्याणकारिणी सभा मकवानपुरका सभापति हरिलाल चौधरीका अनुसार हेटौंडामा २०७५ सालदेखि माघी पर्व महोत्सवको रुपमा मनाउन थालिएको हो । महोत्सवको पाँचै संस्करणलाई पनि भव्यताका साथ आयोजना गरिने चौधरीले जानकारी दिए ।

हरेक वर्ष फरक फरक स्थानमा माघी महोत्सव मनाउदै आइरहेकोमा यसवर्ष हेटौंडाको औद्योगिक क्षेत्रभित्र रहेको खेल मैदानमा मनाउने कार्यक्रम तय भएको चौधरीले बताए ।

महोत्सवमा पहिचान झल्किने थारु भेषभुषा, कला, संस्कृति र थारु परिकारहरुको स:शुल्क स्टल रहने छ । थारु सांस्कृतिक गीत, नृत्य र अन्य सांस्कृतिक कार्यक्रम बाट दर्शकहरुलाई मनोरन्जन प्रदान गरिने थारु कल्याणकारिणी सभा मकवानपुरले जानकारी दिएको छ ।

पार्टीलाई सदृढ बनाउने एमालेको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/नेकपा एमाले जिल्ला कमिटी मकवानपुरको नवौं बैठकले निर्वाचनको वडासम्म समीक्षा गर्दै पार्टीलाई सदृढ बनाउने निर्णय गरेको छ ।

बैठकले ४ मंसिरमा भएको निर्वाचन परिणामको वडासम्म समीक्षा गर्दै पार्टीलाई सदृढ बनाउने निर्णय गरेको हो ।

माघ ८ गते सम्म जिल्ला कमिटीले पालिका कमिटी र जनसंगठनको जिल्लासम्म, पालिका कमिटीले वडा कमिटी र जनसंगठनको पालिका कमिटीको बैठक राखि समिक्षा गर्ने निर्णय गरेको नेकपा एमाले मकवानपुरका सचिव नवीन सिग्देलले जानकारी दिए ।

माघ १० गते बस्ने जिल्ला कमिटी बैठकबाट पार्टी र जनसंगठनको जिल्लाव्यापी संगठन निर्माण तथा परिचालनको लागि अभियान अगाडि बढाउने साथै स्थानीय तह र जनप्रतिनिधिहरूको व्यवस्थित परिचालनमा जोड दिने निर्णय भएको सचिव सिग्देलले बताए ।

बैठकमा सहभागि सचिवालय सदस्यहरूले पार्टी संगठन सुदृढ बनाउन कमिटीको कामलाई नियमित बनाउने विशेष अभियान थाल्नु पर्ने सुझाव दिएका थिए । बैठकले संघीय र प्रदेशको प्रत्यक्ष र समानुपातिकमा निर्वाचित संसद सदस्यलाई बधाई तथा शुभकामना व्यक्त गर्दै आममतदाता, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, मातहत कमिटी, पार्टी कार्यकर्ता र सदस्यलाई धन्यवाद ज्ञापन गरेको छ ।

जिल्ला अध्यक्ष एकालाल श्रेष्ठको अध्यक्षतामा बसेको बैठकमा केन्द्रीय पोलिटब्यूरो सदस्य पुरूषोत्तम पौडेल, केन्द्रीय सदस्यहरू रामेश्वर राना, कृष्णप्रसाद दाहाल, जुनेली श्रेष्ठ, भारती पाठक, राष्ट्रियसभा सदस्य रामचन्द्र राईको विशेष उपस्थिति रहेको थियो ।

नमुना बहुद्देश्यीयको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/ हेटौंडाका सहकारीहरुमध्ये पुरानो सहकारी नमुना बहुद्देश्यीय सहकारी संस्था लिमिटेडको शनिवार २० औं वार्षिक साधारणसभा भएको छ ।

साधारणसभा हेटौंडा उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाका वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यता तथा सहकारीका अध्यक्ष केदार प्रसाद न्यौपानेको सभाध्यक्षतामा भएको छ ।

१ हजार ३ सय १८ जना शेयर सदस्य रहेको सहकारीको कुल शेयर पुँजी ५५ लाख ८० हजार ५ सय ९० रुपैयाँ रहेको छ । २०५४ सालमा स्थापित सहकारीले किसानहरुलाई मल वितरणसमेत गर्दै आएको छ । सहकारीको कार्यक्षेत्र हेटौंडा उपमहानगरपालिकाको १९ वटै वडा र सावित हाँडिखोला गाविस रहेको छ ।

साधारणसभाको अबसरमा सहकारीले शेयर सदस्य सुशिला बाँस्कोटा सापकोटालाई सम्मान गरेको छ । उनले सहकारीमा स्थापना कालदेखि नै ५० लाख रुपैयाँ मुद्दती निक्षेमा रकम जम्मा गरेर सहकारीलाई योगदान गरेको भन्दै सम्मान गरिएको हो ।

साधारणसभामा सहकारीका पूर्वअध्यक्ष महेन्द्रनाथ शर्मा अधिकारी, होटल एसोसिएसनका केन्द्रीय सदस्य शंकर लाल श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो । सहकारीका सचिव बाबुराम खतिवडाले सञ्चालन गरेको कार्यक्रममा कार्यसमिति सदस्य शिवहरि काकीले स्वागत मन्तव्य राखेका थिए ।

जिल्ला सहकारी संघको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २३ पुस/हेटौंडामा शनिवार मकवानपुर जिल्ला सहकारी संघ लिमिटेड हेटौंडाको १९ औं वार्षिक साधारण सभा भएको छ ।

बागमती प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव बलराम निरौलाको प्रमुख आतिथ्यतामा साधारण सभा भएको हो । साधारणसभामा संघका अध्यक्ष नारायण प्रसाद देवकोटाले वार्षिक नीति तथा कार्यक्रमसहितको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कोषाध्यक्ष बिमलकुमार ढकालले आर्थिक वर्ष २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदनसहित आव २०७९/०८० को लागि बजेट प्रस्तुत गरेका थिए । साधारणसभाले ढकालद्वारा प्रस्तुत ४ करोड २७ लाख २६ हजार २ सय ५३ रुपैया बराबरको अनुमानित बजेट पारित गरेको छ ।

साधारणसभामा राष्ट्रिय सहकारी माहासंघका पूर्वसञ्चालक एव संघका निवर्तमान अध्यक्ष बद्री प्रसाद लम्साल, केन्द्रीय कृषि सहकारी संघका लेखा सुपरिवेक्षण समिति संयोजक तथा कृषि सहकारी संघ मकवानपुरका अध्यक्ष महेश्वर सुवेदी, प्रदेश सहकारी संघका सञ्चालक मेनुका दाहाल, प्रदेश सहकारी संघका सञ्चालक बिमलकुमार ढकाल, प्रदेश कृषि सहकारी संघका सञ्चालक बिमला कार्की, जिल्ला बहुउद्देशीय सहकारी संघ लिमिटेड मकवानपुर अध्यक्ष रामहरि न्यौपाने, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका सचिव विरेन्द्र प्रसाद ढुंगानालगायतको आतिथ्यता थियो । संघका सहसचिव शर्मिला श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा संघका उपाध्यक्ष मेनुका धिमिरेले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् ।

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



होम डेलिभरिको पनि व्यवस्था छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाड्जोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्वलाभ ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गोहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, ल्याप्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौडा मोडेल अस्पताल

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

हेटौडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

हेटौडा सिटी हस्पिटल प्रा.लि.

हेटौडा उपमहानगरपालिका-१
फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना